लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

तम्घास, गुल्मी

पत्र संख्या : ०८०/८१
चलानी नं :

## कार्यक्रम सञ्चालनका लागि आवेदन /प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मिति २०८०/०६/१५)

आर्थिक वर्ष २०८०/८१को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले १० दिन भित्र (मिति २०८०।०६।२४ गते सम्म) यस केन्द्र र सम्बन्धित स्थानीय तहमा तपसील अनुसारका कागजातहरु सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसील बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी/फर्म/कम्पनी)को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेवसाईट(gulmi.akc.gov.np)बाट प्राप्त गर्न सकिनेछ।

| सूचना नं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | बजेट रु लाखमा | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | आलुको बीउ उत्पादन श्रोत केन्द्र स्थापना | उत्पादन सामाग्री (बीउ,सूचीकृत प्राङ्गारिक मल, विषादी आदि),औजार /उपकरण खरिद<br>नर्सरी सेड/नेट,स्क्रिन हाउस निर्माण तथा सिचाइ पूर्वाधार निर्माण | कम्तिमा २० रोपनीमा लगाउनु पर्ने<br>आवश्यक पर्ने जग्गा सम्बन्धित प्रस्तावकको नाममा भएको हुनुपर्ने वा भाडामा लिएको हकमा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्षको करार सम्झौता हुनुपर्ने | १० | यन्त्र/उपकरण/अन्य सामाग्रीव हकमा कुल लागतको अधिक ५० प्रतिशत<br>निजी पूर्वाधारको हव अधिकतम ५० प्रति<br>बीउविजन/बेर्ना र सामुदा पूर्वाधार निर्माणको हव अधिकतम ७५ प्रतिशत |
| २ | बीज वृद्धि कार्यक्रम | उत्पादन सामाग्री: स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्मतत्व खरिद<br>प्याकेजिङ्ग सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग,यन्त्र उपकरणहरु खरिद | खाद्यन्न बाली बीउको लागि ६० रोपनी, दलहन/तेलहन बीउको लागि २० रोपनी, लसुन तथा प्याज बीउ ५ रोपनी, तरकारी बीउ ५ रोपनी, आलु बीउ पि.वि.एस १०००दाना र आलु बीउको लागि २० रोपनी क्षेत्रफलमा संचालन गर्नुपर्ने।<br>बीउ बिजन कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने | १० | आलु (पिबि एस प्रति १ दाना) बाट बीउ उत्पादनक २५००/-<br>तरकारी, लसुन,प्याज तथा स्तर आलु बीउ उत्पादनमा रोपनी रु ५०००/-<br>खाद्यन्न/दलहन/तेलहन उत्पादनमा प्रति रु १५००/- अनुदान दिईने। |

प्रमुख कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

पत्र संख्या : ०८०/८१
चलानी नं :

तम्घास, गुल्मी

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (रु १० को टिकट सहित)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
६. समुह तथा सहकारीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा ( करार पत्र)।

पुनश्च उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अघि बढाउन कार्यालय बाध्य हुने छैन। आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समुह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगी कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ।

निमित्त कार्यालय प्रमुख

थप जानकारीका लागि
कृषि ज्ञान केन्द्र, गुल्मी
०७९-५२०१२६